# तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७५/१०/०९ अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका

यस लुम्बिनी विकास बैंक लिमिटेडको विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृयाद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगतै कार्यालय खोलेको दिन) खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितोलिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

### क्र.सं. १.

**ऋणीको विवरण**



मदन सिं स्याङवोको बुहारी, देवराज स्याङवोको पत्नी, रौतहट जिल्ला, रंगपुर वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, चाल्नाखेल वडा नं. ५ बस्ने **मिनमायाँ स्याङवो** (ना.प्र.नं. ९५४, जि.प्र.का. रौतहट)

**कर्जा शिर्षक : टिएल ब्यक्तिगत र होम लोन**

**शाखा : कुलेश्वर**

**धितोको विवरण**

मिनमायाँ स्याङवोको नाउँमा मा.पो.का. कलंकी, काठमाण्डौंमा दर्ता कायम भएको काठमाण्डौं जिल्ला, चाल्नाखेल वडा नं. ५/ख स्थित कि.नं. ३०३ को क्षेत्रफल ०-४-३-० (रोपनी) घर जग्गा आदि सम्पूर्ण लिगलगापात समेत ।

**ब्यक्तिगत जमानत दिनेको विवरण:**

१) बुधान सिं स्याङबाको नाति, मदन सिं स्याङबोको छोरा, रौतहट जिल्ला, रंगपुर वडा नं. ५ स्थायी वतन भई हाल काठमाण्डौं जिल्ला, चाल्नाखेल वडा नं. ५ बस्ने ना.प्र.प.नं. २३५१ को जारी मिति २०५६/१०/०९ (जि.प्र.का. रौतहट) रहेको **देबराज स्याङबो ।**

२) मदन सिं स्याङबोको नातिनी, देवराज स्याङबोको छोरी, रौतहट जिल्ला, रंगपुर वडा नं. ५ स्थायी वतन भई हाल काठमाण्डौं जिल्ला, चाल्नाखेल वडा नं. ५ बस्ने ना.प्र.प.नं. ३२२०६२/३७५३ को जारी मिति २०७१/०२/१९ (जि.प्र.का. रौतहट) रहेकी **सुश्री अभिलाषा स्याङबो ।**

३) कमि सिं स्याङतानको नाति, लाल बहादुर स्याङतानको छोरा, रौतहट जिल्ला, रंगपुर वडा नं. ५ स्थायी वतन भई हाल काठमाण्डौं जिल्ला, कलंकी वडा नं. १४ बस्ने ना.प्र.प.नं. ३२११०६/२०२० को जारी मिति २०५५/११/२७ (जि.प्र.का. रौतहट) रहेको **शेर बहादुर स्याङतान ।**

### क्र.सं. २.

**ऋणीको विवरण**

घरेलु तथा साना उद्योग विभागमा मिति २०६७/०२/१७ मा काभ्रे जिल्ला जैसीथोक गा.वि.स. वडा नं. ९, रजिष्टर्ड कार्यालय रही दर्ता रहेको दर्ता नं. ४०५९/०६६/०६७ कायम रहेको **दब्बा कालि गाई पालन उद्योग**

**प्रोप्राईटर तथा ब्यक्तिगत जमानीकर्ता**



चेतनाथ भट्टराईको नाति, देवीदत्त भट्टराईको छोरा, काभ्रे जिल्ला, जैसीथोक गा.वि.स. वडा नं. ९ बस्ने ना.प्र.नं. ६८२१० जारी मिति २०५३/०९/२८ (जि.प्र.का. काभ्रे) रहेको **हरि प्रसाद भट्टराई**

**कर्जा शिर्षक : ओडि अग्रो र टिएल अग्रो**

**शाखा : बनेपा**

**ब्यक्तिगत जमानत दिनेको विवरण:**



१) देवीदत्त भट्टराई बुहारी, हरि प्रसाद भट्टराई पत्नी, काभ्रे जिल्ला, जैसीथोक गा.वि.स. वडा नं. ९ बस्ने ना.प्र.नं. ७८८९४ जारी मिति २०५५/०५/२६ जि.प्र.का. काभ्रे रहेको **कमला भट्टराई**



२) देवीदत्त भट्टराईको नाति, हरि प्रसाद भट्टराईको छोरा, काभ्रे जिल्ला, जैसीथोक गा.वि.स. वडा नं. ९ बस्ने ना.प्र.नं. ३०-०१-७१-०४२२० जारी मिति २०७१/०४/२१ जि.प्र.का. काभ्रे रहेको **रुपेश भट्टराई**

**धितोको विवरण**

१. कमला भट्टराईको नाममा मालपोत कार्यालय काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला, जैसीथोक गा.वि.स. वडा नं. ९, कित्ता नं. ४९४, ४९५, ४९७ र ४९८, क्षेत्रफल क्रमश: १-०-२-१, १-०-२-१, ०-९-०-० र ०-९-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. हरि प्रसाद भट्टराईको नाममा मालपोत कार्यालय काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला, जैसीथोक गा.वि.स. वडा नं. ९, कित्ता नं. २२२, ७८९ र ७८५ क्षेत्रफल क्रमश: ०-९-३-०, ०-२-१-० र १-६-२-३ , मालपोत कार्यालय काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला, अनैकोट गा.वि.स. वडा नं. ९/९ख कित्ता नं. १०६४ क्षेत्रफल ०-२-०-० र मालपोत कार्यालय काभ्रेमा दर्ता रहेको काभ्रे जिल्ला, पाँचखाल गा.वि.स. वडा नं. ५, कित्ता नं. १६५८ क्षेत्रफल १-०-०-० को जग्गाहरु र सो जग्गाहरुमा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. ३.

**ऋणीको विवरण**



नाती प्रजापतीको नाति, बाबुकाजी प्रजापतीको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थायी वतन भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ३० बस्ने ना.प्र.प.नं.२७ ३३४१/३०१३/२४२१९ को जारी मिति २०५१/७/२८ (जि.प्र.का. काठमाडौ) रहेको **बिजय प्रजापती ।**

**कर्जा शिर्षक : हायरपर्चेज**

**शाखा : टोखा**

**ब्यक्तिगत जमानत दिनेको विवरण:**



वेखा लाल डंगोलको नातिनी, भाईकाजी डंगोलको छोरी, बिजय प्रजापतीको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ३० स्थायी वतन भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३० बस्ने ना.प्र.नं. २४४३ को जारी मिति २०६०/५/११ (जि.प्र.का. काठमाण्डौं) रहेको **गंगा प्रजापती ।**

**धितोको विवरण**

वाग्मती अंचल यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा विकास बैंक धनी भई विजय प्रजापती ऋणीको नाममा दर्ता रहेको ईन्जिन नं. 497TC92CUY813214, च्यासिस नं. MAT453507F8C08378, सवारी नं. बा.३.ख.८५०७ रहेको बस ।

**नोट :** लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पूनश्च :** उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।

**बोलपत्र पेशगर्ने अन्तिम मिति र समय : २०७५ माघ २३ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०७५ माघ २४ गते बिहीबार ३ :०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालय ।**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४४१३२३२, ४४१३२३४, ४४२१६९६
फ्याक्स नं. ०१-४४१३५२६